# म्रिस्तीखोला जलबिद्युत आयोजना
## वातावरण इकाई
## अन्नपुर्ण गाँउपालिका-४,म्याग्दी

म्रिस्ती खोला जलविद्युत आयोजना
वातावरण इकाई
म्याग्दी

प.सं ०७७/०७८
च.नं .०८

मिति २०७७/०९/०५

श्री अन्नपुर्ण गाउँपालिकाको कार्यालय,पोखरेबगर,म्याग्दी
श्री ४ नं वडा कार्यालय,नारच्याङ्ग,म्याग्दी
श्री अन्नपुर्ण युवा क्लव,नारच्याङ्ग,म्याग्दी
श्री सिर्जनशिल आमा समूह,नारच्याङ्ग,म्याग्दी
श्री टोल सुधार समिती,साविक १-६,नारच्याङ्ग,म्याग्दी
श्री सिमा प्रहरी चौकी,तातोपानी,म्याग्दी
श्री ईलाका प्रहरी कार्यालय,दाना,म्याग्दी
श्री प्रभा मा.वि,नारच्याङ्ग, म्याग्दी

विषय : **परिक्षण कार्य संचालन हुने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा अन्नपुर्ण गा.पा. वडा नं ४ नारच्याङ्गमा अबस्थित ४२ मेघावाट क्षमताको म्रिस्तीखोला जलविद्युत आयोजनाको अधिकाँश निर्माण कार्यहरु सम्पन्न भइसकेको र आगामी २०७७ साल पौष ८ गतेबाट सुरुङ्गमा पानी भरी पेनस्टक पाइप हुँदै विद्युतगृह सम्मका सम्पूर्ण साइट तथा जडित उपकरणहरुको परिक्षण कार्य संचालन हुन गइरहेको हुँदा आबश्यक सतर्ककता अपनाउनको लागि सम्पूर्ण स्थानीयबासीहरु तथा सरोकारवालाहरुको लागि जारी गरिएको सूचना कार्यान्वयनको लागि यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

**बोधार्थ :**

श्री म्रिस्तीखोला ज.वि.आ. साइट अफीस,नारच्याङ्ग,म्याग्दी : जानकारीको लागि अनुरोध ।
श्री हाई हिमालय हाइड्रो कन्स्ट्रक्सन प्रा.लि.,साइट अफीस नारच्याङ्ग,म्याग्दी : जानकारीको लागि अनुरोध ।
श्री इनर्जी रिसोर्सेज एण्ड सोलुसन्स प्रा.लि. काठमाण्डौं : जानकारीको लागि अनुरोध ।

राम कुमार खड्का
इकाई प्रमुख

इकाई प्रमुख

# म्रिस्तीखोला जलबिद्युत आयोजना
## वातावरण इकाई
## अन्नपुर्ण गाँउपालिका-४,म्याग्दी

म्रिस्ती खोला जलविद्युत आयोजना
वातवरण इकाई
म्याग्दी

**सूचना ॥॥ सूचना ॥॥ सूचना ॥॥**

म्रिस्तीखोला जलविद्युत आयोजना,नारच्याङ्ग म्याग्दीको प्रभावित क्षेत्रका सम्पूर्ण बासीन्दाहरु तथा सरोकारवाला सबैको लागी जारी गरिएको सुचना–

अन्नपुर्ण गाउँपालिका वडा नम्बर ४ मा अबस्थित ४२ मेघावाट क्षमताको म्रिस्तीखोला जलविद्युत आयोजनाको अधिकाँश निर्माण कार्यहरु सम्पन्न भई निकट भविश्यमा विद्युत उत्पादन हुन गइरहेको व्यहोरा यहाँहरुलाई सर्वविदितै छ । यसै सन्दर्भमा म्रिस्तीखोला जलविद्युत आयोजनाले मिति २०७७ साल पौष ८ गतेबाट सुरुङ्गमा पानी भरी आयोजनाका सम्पूर्ण साइट तथा जडित उपकरणहरुको परिक्षण कार्यहरु अगाडि बढाउन लागिरहेको व्यहोरा जानकारी गराउँदै हेडवर्क्स हुँदै सुरुङ्ग,पेनस्टक,विद्युतगृह सम्मको सम्पूर्ण साइट तथा जडित उपकरणहरुको परिक्षण सम्पन्न हुने हुँदा परिक्षण अबधिभर सावधानी भई सजग र सतर्क रहन हुन सर्वसाधारण सबैमा सूचित गरिन्छ । ड्यामममा पानी भरी सुरुङ्गमा पानी हाल्दा खोलाको पानीको बहाबमा कमी आउने तथा निष्काशन गर्ने क्रममा बहाब बढ्न सक्ने हुँदा म्रिस्तीखोलाको ड्यामसाइट देखि कालीगण्डकी दोभान सम्मको जलीय क्षेत्रमा माछा मार्ने, ढुङ्गागिट्टी,बालुवा संकलन गर्ने,नुवाईधुवाई गर्ने लगायतका कुनै पनि मानवीय गतिविधी नगरिदिन हन अनुरोध छ । साथै सुरुङ्गमा पानी भरी परिक्षण गर्ने क्रममा पानीको बहाबलाई नियन्त्रण गर्नको लागि आबश्यक भन्दा बढी पानीलाई आयोजनाबाट निर्मित कुलोमा हीलने हुँदा पानीको बहाबमा बृद्वी हुने भएकोले यस अवधिभर कुलोको दायाँबायाँ र घट्टेखोलाको किनारमा नुवाईधुवाई गर्ने लगायतका कुनै पनि मानविय गतिविधि नगरिदिन हुन सम्पूर्ण सर्वसाधारणहरुको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

राम कुमार खड्का
इकाई प्रमुख

इकाई प्रमुख